नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तह समन्वय शाखा

सिंहदरबार, काठमाडौं

फोन न. ०१-४२००३०४

पत्र संख्या: २०७६।७७

चलानी नं. ४९६

मिति : २०७७।०१।३०

विषयः कोभिड १९ सँग सम्बन्धित अन्तरिम निर्देशिकाहरू सम्बन्धमा ।

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको च.नं.८८५ मिति २०७७।१।२६ साथ प्राप्त शीघ्र कुपोषण एकिकृत व्यवस्थापन, पोषणसंग सम्बन्धित व्यवहार परिवर्तन संचार सन्देश तथा मातृ शिशु तथा बाल्यकालिन पोषणसंग स्वास्थ्यकर्मीलाई तयार गरिएको अन्तरिम निर्देशिकाहरू यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाण्डौं

श्री स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, टेकु

श्री सूचना तथा प्रविधि शाखा : वेवसाइटमा अपलोडको लागि ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
## परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं

☎ [illegible]
[illegible]
(Fax)
[illegible]
[illegible]
[illegible]


प.सं.:- ०७६/७७
च.नं.:- ८८५

मिति:२०७७/०१/२६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय: कोभिड -१९ को विश्वव्यापि महामारीको अवस्थामा तयार गरिएको आन्तरिम निर्देशिका सम्बन्धमा।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा पोषण शाखाले कोभिड-१९ को विश्वव्यापि महामारीको (मानविय संकट) अवस्थालाई ध्यानमा राखि शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन, पोषणसंग सम्बन्धित व्यवहार परिवर्तन संचार सन्देश तथा मातृ शिशु तथा बाल्यकालिन पोषण सम्बन्धी स्वास्थ्यकर्मीहरुको लागी तयार गरिएको आन्तरिम निर्देशिकालाई कार्यान्वयन गर्ने शिलशिलामा विभिन्न प्रदेश तथा स्थानिय तहसम्म पुर्याउनु पर्ने भएकोले तहा मन्त्रालयबाट समन्वयको लागि अनुरोध छ।

डा.भिम सिंह तिंकरी
निर्देशक

बोधार्थ:
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं
श्री प्रादेशिक निर्देशनालय, सातै प्रदेश
श्री प्रादेशिक सामाजिक बिकास मन्त्रालय, सातै प्रदेश
श्री ७५३ वटै स्थानिय तह

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

**कोरोना भाइरस रोगको संक्रमणका सन्दर्भमा गर्भवती महिला, स्तनपान गराउने र साना बालबालिकाको आमा तथा परिवारका लागि मुख्य सन्देशहरू**

**१. आमा/स्याहारकर्ताका लागि सामान्य अवस्थामा दिने सन्देशहरू**

- बालबालिकालाई छुनु, खेल्नु वा खुवाउनु अघि साबुन पानीले २० सेकेण्डसम्म मिचिमिचि हात धुने ।
- खोक्दा वा हाछ्यु गर्दा नाक, मुखलाई टिस्यू पेपर, वा सफा रुमालले छोप्ने वा कुहिनोले छोपेर हाछ्यु गर्ने र तुरुन्त साबुन पानीले कम्तिमा २० सेकेन्ड सम्म मिचीमिची हात धुने ।
- बेलाबेलामा बालबालिकाको हात साबुन पानीले धोइदिने ।
- घरवरपर वा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने ।
- घरमै बस्ने र अत्यावश्यक कामका लागि बाहिर जानु परेमा अरुसँग कम्तिमा १ मिटरको दुरी बनाउने/राख्ने ।
- हरेक दिन अन्न, फलफूल, हरियो तरकारी, दाल, गेडागुडी, दूधबाट बनेका परिवार, अण्डा र मासु जस्ता पोषिलो खाना कम्तिमा दिनको चार पटक खाने ।
- सामान्य अवस्थामा साबिक भन्दा बढी पटक स्तनपानलाई नियमित गर्ने ।
- बालबालिकाले खेल्ने र घर वरपरका ठाँउ नियमित रुपमा सफा गर्ने ।

**२. ६ महिना देखि माथि उमेरका बालबालिकाको लागि**

- खाना बनाउने ठाँउलाई सफा (सर्फ वा साबुन पानीले -निःसंक्रमण) गर्ने । खाना बनाउनु अघि र बालबालिकालाई खाना खुवाउनु अघि साबुन पानीले कम्तिमा २० सेकेण्डसम्म मिचिमिचि हात धुने । बालबालिकाको हात पनि साबुन पानीले धोई दिने । बालबालिकाको शारिरीक र बौद्धिक बिकासको र स्वास्थ्यका हरेक दिन बिभिन्न प्रकारका खानेकुरा जस्तै अन्न, फलफूल, हरियो सागपात, दाल तथा गेडागुडी, माछामासु, अण्डा तथा दूधबाट बनेका परिकारहरु कम्तिमा दिनको चार पटक खुवाउने ।
- हरेक बालबालिकाको लागि छुट्टै भाँडामा खान दिने । सगोलमा खाना नखुवाउने । सकिन्छ भने बालबालिकाकालाई हातले नखुवाउने ।
- यदि रुघाखोकि लागेको भएमा वा अन्य श्वाशप्रश्वाश सम्बन्धी समस्या छ भने बालबालिकालाई खुवाउदा, हेरचाह गर्दा मास्क लगाउने । घरका अन्य सदस्यलाई पनि शिशुलाई खुवाउन लगाउन सकिन्छ ।
- स्तनपान गराईरहेका आमाले साबिक भन्दा बढी पटक स्तनपान गराईरहने ।

**३. कोरोना भाइरस रोग भएको वा शंका लागेको आमाहरुका लागि -स्तनपान**

- आमाको दुधबाट कोरोना भाइरस रोग शिशुलाई सरेको अहिले सम्म प्रमाणित भएको छैन तसर्थ यस सम्बन्धमा बिश्व स्वास्थ्य संगठनले समेत स्तनपान लाई नियमित गर्न सिफारिस गरे बमोजिम हाम्रो देशको सन्दर्भमा संक्रमित स्तनपान गराई रहेको आमाले व्यक्तिगत सुरक्षाको उपायहरु अबलम्बन गरि संक्रमण नहुने बातावरण सुनिश्चित गरेर आफ्नो शिशुलाई स्तनपान गरुन सक्ने छिन अथवा व्यक्तिगत सुरक्षाको उपयुक्त प्रबन्ध हुन नसक्ने अबस्थामा निजले मास्क लगाएर साबुन पानीले

महानिर्देशक

☎
४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

मिचिमिची हात धोएर स्तन लाई सफा साबुन पानीले धोएर सफा भाडोमा निचोरी वा अन्य व्यक्तिले व्यक्तिगत सुरक्षाको उपाय अबिलम्बन गरि दुध निचोरेर सम्बन्धित बच्चालाई खुवाउन सकिन्छ अथवा संक्रमित नभएका अन्य स्तनपान गराई रहेका आमाबाट स्तनपान गराउन सकिन्छ यी बिकल्पहरुको सम्भावना नभएमा सम्बन्धित चिकित्सक संगको सल्लाह अनुसार बैकल्पिक व्यवस्था गर्ने । कम्तिमा

**कम्तिमा कोरोना भाइरस रोगको सर्न्दभमा गर्भावस्था र सुत्केरी अबस्थामा मा चाहिने आवश्यक पोषण**

- गर्भवती महिलाले कोरोना भाइरससँग बच्न बेलाबेलामा २० सेकेण्डसम्म साबुन पानीले मिचिमिचि हात धुने, खोक्दा हाछ्यु गर्दा कुहिनाले छोप्ने, अनावश्यक हातले नाक, मुख, आँखा नछुने र बेलाबेलामा घरका विभिन्न ठाँउलाई (सर्फ वा साबुन पानीले निःसंक्रमण) सफा गर्ने । अत्यावश्यक सामान किन्न, औषधी उपचार वा गर्भवती जाँच गर्न जाँदा कम्तिमा १ मिटरको दुरी कायम गर्ने र मास्क लगाउने ।
- गर्भावस्थामा आफ्नो र बच्चाको स्वास्थ्यका लागि हरेक दिन अन्न, दाल गेडागुडी, हरियो सागपात, हरियो तथा पहेलो तरकारी तथा फलफूल, दूधबाट बनेका परिकार, अण्डा तथा माछामासु खाने । गर्भवती महिलाले साविकको भन्दा थप एक पटक र सुत्केरी तथा स्तनपान गराईरहेकी आमाले थप दुई पटक खाना खाने ।
- स्वास्थ्यकर्मीको सल्लाहअनुसार कम्तिमा पनि ४ पटक (४, ६, ८ र ९ महिना) गर्भवती जाँच गर्न जानुपर्छ ।
- गर्भवती महिलाले आइरन फोलिक एसिड चक्कि हरेक दिन खानु पर्दछ र सुत्केरी भएको ४५ दिनसम्म खानु पर्दछ । स्वास्थ्य कर्मीले गर्भवतीलाई अर्को भेट सम्मलाई पुग्ने गरि र सुत्केरी आमाहरुलाई एकै पटक ४५ चक्की आइरन फोलिक एसिड दिने ।
- गर्भावस्थामा भारी सामान नउठाउने, घरपरिवारले गर्भवती महिलालाई काममा सघाउने ।
- स्वास्थ्य संस्था जानका लागि पहिलानै यातायातको साधन खोजी तयारी अवस्थमा राख्ने ।
- सुत्केरी हुने बेला भएको छ भने, शिशुलाई आमाको छातीमा राख्ने अभ्यास गर्ने, शिशुलाई जन्मेको एक घण्टा भित्रमा आमाको बिगौती दूध खुवाउने । आमको दूधले शिशुलाई रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाँउछ
- गर्भवती र सुत्केरी अबस्थामा व्यक्तिगत सरसफाईमा बिशेष ध्यान दिने ।
- COVID -१९ संक्रमण भएको शंका भएमा आमाले तत्काल नजिकको स्वास्थ्य सस्थामा गइ स्वास्थ्य कर्मिको राय अनुसरण गर्ने र स्वास्थ्य कर्मिहरुले आबश्यक जांच गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका अनुसार आबश्यक ब्यबस्थापन गर्ने ।

तयार गर्ने　　　　सिफारिस गर्ने　　　　प्रमाणित गर्ने

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

☎
४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

## कोभिड-१९ (COVID-19) को विश्वब्यापि महामारीको (मानविय संकट) अवस्थामा गरिने शीघ्र कुपोषणको एकिकृत ब्यबस्थापनको लागी आन्तरिम निर्देशिका

कोभिड-१९ रोग (COVID-19) विश्वव्यापी महामारीको अवस्थामा बालबालिकाहरुको पोषण अवस्था विग्रिने जोखिम बढ्नुका साथै कुपोषणको कारण मृत्युदर उच्च हुनसक्ने भएकोले उनिहरुको जीवन रक्षाको लागी शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन सम्बन्धी यो आन्तरिम निर्देशिका तयार पारिएको हो । यस अवस्थामा शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तर संचालन गर्नु, कार्यक्रमका मुख्य तत्वहरुलाई सेवाप्रदायक स्वास्थ्य संस्थाबाट व्यवस्थित गर्नु, स्वास्थ्यकर्मी, तथा सहयोगी संघसस्थाहरुलाई आवस्यक मार्गदर्शन गर्नु यस निर्देशिकाको मुख्य लक्ष्य रहेको छ । यो आन्तरिम निर्देशिका मानविय संकटको अवधिमा अत्यावश्यक स्वास्थ्य र पोषण सेवा संचालनको लागि परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार गरिएको हो ।

### १. कुपोषणको रोकथाम

मानविय संकटको बेला बालबालिका, गर्भवती र सुत्केरी महिला एवं जेष्ठ नागरिकलाई बढि जोखिम हुने भएकोले कुपोषणबाट बचाउनु अति आवस्यक हुन्छ । त्यसैले कोभिड १९ रोगको अवधिमा पुर्वतयारी र प्रतिकार्य गर्न निम्न अत्यावश्यक कुराहरु प्राथमिकताका साथ संचालन र प्रवर्द्धन गर्ने ।

**क) शिशु तथा बाल्यकालिन पोषण र खानपिन सम्बन्धी सुरक्षित ब्यबहारको प्रवर्द्धन एवं सहयोगमा बृद्धि गर्ने ।**

विश्वव्यापी महामारीको अवधिमा मातृ, शिशु तथा बाल्यकालिन पोषण व्यवहारलाई सुदृढ गर्नु आवश्यक हुन्छ त्यसको लागि निम्न कार्यहरु गर्ने ।

१. स्तनपानसम्बन्धी मुख्य व्यवहारहरु जस्तैः बच्चा जन्मेको एक घण्टाभित्रै स्तनपानको सुरुवात, बच्चा ६ महिना नपुग्दा सम्म स्तनपान मात्र गराउने र ६ महिना पश्चात स्तनपानको साथै थप खाना खुवाउने कुराहरुलाई प्रभावकारी रुपमा प्रवर्द्धन र सुदृढ गर्नुका साथै रोगको संक्रमणबाट बच्न र रोग नियन्त्रण गर्न सबै सुरक्षाका उपायहरु अनिवार्य रुपमा अवलम्बन गर्ने ।

२. स्तनपान गराउने आमा बिरामी वा संक्रमित भएको अवस्थामा पनि सुरक्षित स्तनपानलाई निरन्तर गर्ने, त्यसको लागि सुरक्षाका उपाय अपनाई स्तन निचोरेर सफा कपमा जम्मा गर्ने र सफा चम्चाको सहायताले बच्चालाई खुवाउने ।

२.१. सम्भव भएसम्म सुरक्षित दुध तान्ने पम्प प्रयोग गर्ने, पम्प गर्ने समयमा आमाको स्तन सफा गर्ने, पम्प गर्ने आमा वा सहयोगीले पम्प गर्नुभन्दा अगाडि हात साबुन पानीले मिचिमिचि धुने र प्रत्येक पटकको स्तन पम्प पछि सम्पर्कमा आएको स्तनको भाग राम्ररी सफा गर्ने एवं उत्पादकले दिएको निर्देशन बमोजिम पम्पलाई पनि राम्ररी निर्मलिकरण गर्ने । पम्प गरिएको दुध सुरक्षित रुपमा स्वस्थ व्यक्तिको सहयोगमा शिशुलाई खुवाउने ।

२०७७।१।२ २०७७।१।२ १।२

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

३. स्तनपानलाई प्रतिस्थापन गर्ने खालका वस्तुहरुको उत्पादन, बजारिकरण र प्रबर्द्धनलाई निरुत्साहित गर्ने र यदि प्रवर्द्धन गरिएको भेटिएमा सम्वन्धित निकायमा जानकारी गराउने ।

**ख) प्रभावित क्षेत्रका सबै बालबालिका, गर्भवती, स्तनपान गराउने महिला र जेष्ठ नागरिकहरुको लागी सम्बन्धित निकायबाट थप खाना वितरण कार्यक्रम संचालन गरि खाध्य सुरक्षाको सुनिश्चित गर्ने**

**१. लक्षित समुह**

गर्भवति, स्तनपान गराइरहेका महिला, ६ देखि ५९ महिनासम्मका बालबालिका र जेष्ठ नागरिक यस कार्यक्रमको मुख्य लक्षित समुह रहेका छन् ।

**२. खाद्य सामाग्री र वितरण अवधि**

क. ६ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई निर्देशिका अनुसारको पोषिलो पिठो (Super cereal; Wheat Soya Blend or WSB+) १०० ग्राम प्रति दिन र गर्भवति सुत्केरी एवं जेष्ठ नागरिकहरुको लागि २०० ग्राम प्रति दिनका दरले एक महिना सम्मको लागि वितरण गर्ने । पोषिलो पिठो कोभिड १९संक्रमण भएको बच्चाहरुको लागि ३ कि.ग्रा. र गर्भवति, स्तनपान गराइरहेका महिला एवं जेष्ठ नागरिकहरुको लागि ६ कि.ग्रा. प्रति महिनाका दरले वितरण गर्ने ।

ख. पहिलादेखि मध्यम शीघ्र कुपोषण भएका ६ देखी ५९ महिना सम्मका बालबालिका, कडा शीघ्र कुपोषित भएर वहिरंगमा उपचार पछि डिस्चार्ज भएका बालबालिका र कुपोषित गर्भवति र स्तनपान गराइरहेका महिलाहरुलाई माथी उल्लेख गरिए अनुसार ३ महिना सम्मको लागि पोषिलो पिठो वितरण गर्ने ।

यस अन्तरगत कोभिड-१९ संक्रमण प्रमाणीत भएका कुपोषित बालबालिकाले तिन महिनाको लागि जम्मा ९ के.जी. र कोभिड-१९ संक्रमण प्रमाणीत गर्भवति र स्तनपान गराइरहेका महिलाले जम्मा १८ के.जी. पोषिलो पिठा प्राप्त गर्नेछन । बालबालिकाहरुले प्रति महिना ३ के.जी. र गर्भवति तथा स्तनपान गराइरहेका महिला हरुले प्रति महिना ६ के.जी का दरले पोषिलो पिठो प्राप्त गर्नेछन ।

ग. यदि बालबालिकामा ख्याउटेपना सम्बन्धी कुनै चिन्ह देखिएमा तुरुन्त चेक जाँचको लागि स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।

**३. वितरण प्रणाली**

पोषिलो पिठो वितरण कार्यक्रमलाई कोभिड-१९ को उपचार प्रकृयासगै संयुक्त रुपमा अगाडी बढाईने छ ।

२०७७/१/३ २०७७/१/३ १/३

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

क. **कोभिड-१९ महामारीको दोश्रो अवस्थाको व्यवस्थापन** (केस लोड १५०० जना पोजिटिभ र १५०,००० जना प्रभावित ): **कोभिड** १९ रोगको अस्पताल वा विशेष सेवा केन्द्रमा उपचार गराईरहेको अवस्थामा उपचार केन्द्रमा नै पोषिलो पिठो उपलब्ध गराउने र माथी तोकिए बमोजिम वितरणको व्यवस्था मिलाउने ।

ख. **कोभिड-१९ महामारीको तेश्रो अवस्थाको व्यवस्थापन** (केस लोड ७५०० जना पोजिटिभ र ७५०,००० जना प्रभावित ): माथी उल्लेख गरिए अनुसार वितरणको व्यवस्था मिलाउने । यदि तोकिएका उपचार गर्ने संस्थाहरु भरिएमा र साधारण केशहरु आफै अलगावमा (self isolation) राखिएमा पनि नेपाल सरकारद्वारा तोकिएका संस्थाहरुलाई पोषिलो पिठो वितरणको लागि दिने ।

ग. खाद्य सुरक्षा क्लष्टरसंग आवस्यक समन्वय एव सहकार्य गर्ने ।

**थप आहार वितरणको समयमा रोगको संक्रमण कम गर्नको लागी थप सुझावहरु:**

सम्बन्धित स्थानीय निकाय मार्फत लक्षित समुहलाई घरमा नै पोषिलो पिठो पुर्याउने व्यवस्था मिलाउने । यसको लागि विश्व खाध्य कार्यक्रमसंग समन्वय गरि सम्वन्धित निकायले आबश्यक ब्यबस्थापन गर्न सक्नेछ ।

**ग) कडा शीघ्र कुपोषणको उपचार**

**कडा शिघ्र कुपोषण भएका बच्चाहरुको ब्यबस्थापन गर्न बहिरंग उपचार केन्द्र (OTC), अन्तरंग उपचार केन्द्र (ITC) र पोषण पुनर्स्थापना गृह (NRH) अनिबार्य रुपमा संचालन भएको हुनुपर्नेछ |**

**कडा शीघ्र कुपोषणको अन्तरङ्ग उपचार केन्द्रबाट व्यवस्थापन:–**

१) मेडिकल जटिलता भएका कडा शीघ्र कुपोषित बालबालिकालाई अन्तरङ्ग उपचार केन्द्र र पोषण पुर्नस्थापना गृहमा उपचार गर्दा नेपाल सरकारको राष्ट्रिय उपचार प्रोटोकललाई पालना गर्ने ।

२) कोभिड १९ संक्रमणको शंका लागेका विरामीहरु वा अन्य कुनै श्वासप्रश्वासको लक्षण भएमा छुट्टै आइसोलेशन कक्षको व्यवस्थापन गर्ने ।

३) आपतकालिन अवस्थामा F-75, F-100, Resomal औषधिहरु र अन्य सामाग्रीहरुको प्रर्याप्त मौज्दात रहेको सुनिश्चत गर्ने ।

४) मेडिकल जटिलता भएका कडा शीघ्र कुपोषित बालबालिकाहरुको व्यवस्थापन गर्दा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरु पालना गर्ने ।

**कडा शीघ्र कुपोषणको बहिरंग उपचार केन्द्रबाट व्यवस्थापन:–**

१) मेडिकल जटिलता नभएका कडा शीघ्र कुपोषित बालबालिकाहरुलाई बहिरंग उपचार केन्द्रमा नेपाल सरकारको राष्ट्रिय प्रोटोकल अनुसार विस्तृत विवरण सम्पर्क फोन नं सहित (परिवार र सम्वन्धित क्षेत्रको महिला स्वास्थ्य स्वयमसेविको विस्तृत जानकारी सहित) भर्नालाई जारी राख्ने ।

२०७७।१।३ २०७७।१।३ १।३

☎
४-२६१७१२
४-२६१४३६
फ्याक्स ४-२६२२६८

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं,

२) हाल भइरहेको विश्वव्यापी माहामारीको अवस्थामा कडा शीघ्र कुपोषित बालबालिकाहरुलाई भर्ना पश्चात तयार पारिएको उपचारात्मक खाना एक महिनाको लागी दिने र एक महिना पछि बहिरंग उपचार केन्द्रमा पुन: आउनको लागि अनुरोध गर्ने ।

३) आपतकालिन अवस्थामा तयार पारिएको उपचारात्मक खाना (RUTF), प्रणालीवद्ध औषधी र अन्य सामाग्रीहरुको पर्याप्त मौज्दात रहेको सुनिश्चित गर्ने ।

४) कडा शीघ्र कुपोषित बालबालिकालाई उपचार शुरु गरेको मितिबाट एक हप्तापछि घरमै खानको लागि अल्बेण्डाजोल दिएर पठाउने ।

५) साप्ताहिक रुपमा कडा शीघ्र कुपोषित बच्चाहरुलाई फोनको माध्यमबाट अनुगमन गर्ने ।

(स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीले बच्चाको परिवारलाई वा सम्बन्धित क्षेत्रको महिला स्वास्थ्य स्वयम् सेविकालाई फोन गरेर)

६) कोभिड १९को संक्रमण वा आशंकाको त्रासले बहिरंग उपचार केन्द्र जान नमानेका कडा शीघ्र कुपोषित बालबालिकाहरु लाई घरमै गई सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

७) कडा शीघ्र कुपोषित बालबालिकाहरुको बहिरंग उपचार केन्द्रमा व्यवस्थापन गर्दा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरु पालना गर्ने ।

८) निर्देशिकामा उल्लेखित भन्दा बाहेक अन्य सबै कार्य नेपाल सरकारको राष्ट्रिय प्रोटोकल अनुसार गर्ने । जस्तै: तयार पारिएको उपचारात्मक खानाको मात्रा आदि ।

### घ) अनुगमन र प्रतिवेदन:–

कोभिड १९को प्रतिक्रियात्मक (response) समयमा पोषण कार्यक्रम सुचना प्रणालीलाई सुदृढिकरण गर्ने र

१) पोषण कार्यक्रमको प्रगति मुल्यांकनका लागि अभिलेख तथा प्रतिवेदन गर्न हाल प्रयोग भइरहेको स्वास्थ्य व्यावस्थापन सुचना प्रणालीलाई निरन्तरता दिने ।

२) कोभिड १९पुष्टि भएको केशहरुलाई हाल प्रयोग भएका दर्ता/अभिलेख पुस्तिकामा उल्लेख गर्ने ।

३) उपलब्ध र सम्भव भएसम्म कोभिड १९सँग सम्बन्धित जानकारीहरु प्रतिवेदनमा समावेस गर्ने ।

२०७६।१२

| तयार गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |
| --- | --- | --- |